मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

कार्यपालिकाको वैठक संख्या:-८१

आज मिति २०८२/०४/१६ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जिं.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री विवेक खनाल | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स.[illegible] | श्री ~~राम प्रसाद अर्याल~~ हिमा [illegible] | |

आमन्त्रित

१. इन्जिनियर विष्णु अर्याल
२. कृषि शाखा प्रमुख गणेश सुवेदी
३. स.ई. डिल्लीराम भट्टराई

प्रस्तावहरुः-

१. आ.व.२०८१/०८२ को प्रगति समिक्षाबाट प्राप्त सुझावहरुको कार्यान्वन सम्बन्धमा,

२. मालिका गाउँपालिकाको प्रमुख पर्यटकीय स्थल पिस पार्कमा प्रवेश दस्तुर लिने सम्बन्धमा,

३. मालिका गाउँपालिकाको इन्धन वितरण सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत सम्बन्धमा,

४. कवाड संकलन तथा निकासीका लागि न्यूनतम रकम निर्धारण सम्बन्धमा,

५. संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने सम्बन्धमा

६. सार्वजनिक निर्माणको लागि ज्यामीको ज्यांला, ढुवानी तथा निर्माण सामग्रीको दररेटका सम्बन्धमा

७. चमेना गृह सञ्चालकको दररेट वृद्धि सम्बन्धमा,

८. मालिका गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ तयार गर्ने सम्बन्धमा,

९. खरिद समितिको गठन सम्बन्धमा,

१०.मालसामानको निरीक्षण र स्वीकृती सम्बन्धमा समिति गठन सम्बन्धमा,

११. वोलपत्र तथा दररेट मूल्याङ्कन समिति गठन सम्बन्धमा,

१२. रोजगार प्रवर्धन कार्यक्रम अन्तरगत लागत साझेदारी सम्बन्धमा

१३. रोजगारी प्रवर्धन कार्यक्रमा कामकाज गर्ने श्रमिकको वडागत संख्या निर्धारण सम्बन्धमा,

१४. विभिन्न कार्यालयबाट प्राप्त जानकारी तथा परिपत्रहरुको सम्बन्धमा,

१५. मालिका मा.वि. को सामग्री खरिदमा अ.दु.अ.आ.मा परेको उजुरीका सम्बन्धमा राय प्रतिक्रिया पेश गर्नको लागि समिति गठन सम्बन्धमा,

१६. रिक्त दरवन्दीमा पद पूर्तिका लागि माग आकृती फाराम पेश गर्ने सम्बन्धमा,

१७. औषधी खरिदको लागि थप रकमको श्रोत सुनिश्चितता सम्बन्धमा,

१८. अर्जै वेशी सामुदायिक स्वास्थ्य इकाई केन्द्रको भवन निर्माणको म्याद थप सम्बन्धमा,

१९. संघीय तथा प्रदेश समपुरक र विषेश अनुदानसँग सम्बन्धित आयोजनाहरुको DPR And IEE गर्ने सम्बन्धमा

२०. पिस पार्कमा कामकाज गर्ने मालिको दैनिक ज्याला सम्बन्धमा,

२१. सामाजिक परिचालकलाई थप सुविधा उपलब्ध गराउने सम्बन्धमा,

२२. तिज विशेष दरखाने कार्यक्रमको लागि वडालाई रकम उपलब्ध गराउने सम्वन्धमा,

२३. पिस पार्कमा सन्देशमुलक सूचना (वोर्डमा) तयार गर्ने सम्बन्धमा,

२४. गाउँपालिकाको कन्टेन्जेन्सी रकम (अ.ल्या.) विनियोजन सम्बन्धमा,

२५. मालिका गाउँपालिकाको कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा

२६. ठेक्का नं.OMRM-GUL-W-NCB-48/081/082 को BOQको वुदा नं.३६ मा लेमिनेटेड पार्केटिङ्गका सम्बन्धमा

अध्यक्ष

२७.मालिका गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा

२८. घर भाडामा लिने सम्बन्धमा,

२९. खाद्य डिपोको लागि भाडामा घर लिने सम्वन्धमा,

३०. चालु आ.व.२०८२/०८३ का संघीय सशर्त कृषि/पशु तर्फका कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा,

३१.मालिका गाउँपालिकाद्वारा निशुल्क विभिन्न स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा,

३२. गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा

३३.कार्य सम्पादन सम्झौता सम्बन्धमा,

प्रस्ताव तथा निर्णयहरु:-

| क.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | चालु आ.ब.२०८१/०८२ को वार्षिक प्रगति समिक्षा मिति २०८२/०४/१५ गते सम्पन्न गरिएको र उक्त समिक्षामा मुख्य रुपमा उठान भएका तालिम, भ्रमण, सेवाकालिन तालिम, उ.स.सम्बन्धी तालिम,रोयल्टी, कर्मचारी व्यवस्थापन,राजश्व संकलन, मर्मत संभार र सेवा सुविधाहरुको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत ज्यू मार्फत श्रोत साधनको व्यवस्थापन मिलाई कार्यान्वियन गर्न गराउने सम्बन्धमा निर्णय गरियो। |
| २. | प्रशासन शाखा | मालिका गाउँपालिकाको प्रमुख पर्यटकीय स्थल मालिका पिस पार्कमा धेरै पूर्वाधारहरु निर्माण भइसकेको र प्रत्येक वर्ष उक्त स्थलको संरक्षणमा रकम आवश्यक पर्ने भएको हुँद उक्त पर्यटकीय स्थल अवलोकन गर्न आउने अवलोकन कर्ताहरुबाट तपसिल बमोजिमको प्रवेश दस्तुर रकम लिने सम्बन्धमा निर्णय गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।<br>तपसिलः-<br>१.जेष्ठ नागरिक र विद्यार्थीहरुको हकमा रु.१५/-<br>२.अन्य सवै नागरिकहरुको हकमा रु.२०/-<br>३.पिकनिक स्पटको रुपमा प्रति समूह रु.५००/-<br>४.वैठक सभा सम्मेलन वापत रु.१०००/-<br>साथै सर्वसाधारणको जानकारीको लागि पिसपार्कको वालमा प्रवेश शुल्क तथा अन्य पालना गर्नुपर्ने शर्तहरु सवैले देख्न सक्ने गरी लेख्ने र सो वापतको रकम विविध शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो। |
| ३. | प्रशासन शाखा | मालिका गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यालय कामकाजको लागि फिल्डमा खटिनु पर्ने र सो कार्यको लागि इन्धन वितरणमा एक रुपता, मितव्ययीता |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्मादह, म्याग्दी गण्डकी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | र पारदर्शीता कायम गर्ने उदेश्यले मालिका गाउँपालिकाको इन्धन वितरण सम्बन्धी कार्यविधि,२०८२ तयार भई स्वीकृतिको लागि यस गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएकोले सो सम्बन्धमा छलफल गरी इन्धन वितरणमा एक रुपता र पारदर्शिता कायम गर्नको लागि उक्त कार्यविधि आवश्यक भएको देखिन आएकोले उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। |
| ४. | प्रशासन शाखा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी,वनकस,कवाडी माल,प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड सिङ प्वाँख छाला वा यस्तै प्रकृतिका वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिकाले जडीवुटी कवाडी र जिवजन्तु कर लिने पाउने व्यवस्था अनुसार यस गाउँपालिका क्षेत्रभित्रका कवाड संकलन तथा निकासीका लागि न्यूनतम रकम रु.१ लाख निर्धारण गर्ने निर्णय गरियो। |
| ५. | प्रशासन शाखा | यस गाउँपालिकाले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा छलफल गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रांसी उपत्यका देउखुरी नेपालले सबै स्थानीय तहको लागि लागु हुने गरी मापन तयार गरिरहेको हुँदा उक्त मापन तयार पश्चात आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो। |
| ६. | प्राविधिक शाखा | सार्वजनिका निर्माणको लागि ज्यामीको ज्याला, ढुवानी तथा निर्माण सामग्रीको दररेटका सम्बन्धमा छलफल गरी चालु आ.व.२०८२/०८३ मा मालिका गाउँपालिकाले सम्पादन गर्ने सार्वजनिक निर्माणको ज्याला, ढुवानी तथा निर्माणको लागि जिल्ला प्रशासन कार्यालय गुल्मीले आ.व.२०८२/०८३ को लागि जारी गरेको जिल्ला दररेट लागु गर्ने निर्णय गरियो। |
| ७. | प्रशासन शाखा | गाउँपालिकाको कार्यालयसँगै रहेको चमेना गृहले विगत ३ वर्ष देखि एउटै दररेटमा (सादा खाना -१३०, चिकन-२४० र मटन खाना -२९०) कर्मचारी तथा जनप्रतिनिधीरुलाई खाना खुवाउँदै आएकोमा हाल उक्त ३ वर्ष पहिलाको दररेटमा खाना खुवाउन नसक्ने भएकोले उक्त दररेटमा परिवर्तन (सादा खाना -१६०, चिकन खाना-३०० र मटन खाना -३५०) गरिपाउँ भनि निवेदन पेश भएको सम्बन्धमा छलफल गरी तपसिल अनुसार दररेट कायम गर्ने सम्बन्धमा निर्णय गरियो।<br>सादा खाना - रु.१६०/-<br>चिकन खाना -रु.३००/-<br>मटन खाना - रु.३५०/- |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८. | प्रशासन शाखा | गाउँपालिकाको समग्र पक्षको आन्तरिक नियन्त्रण गरी पारदर्शिता,जवाफदेहिता र सुशासन कायम गर्ने प्रयोजनार्थ मालिका गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका आवश्यक भएको र हाल सम्म तयार नभएको हुनाले प्रशासन शाखा प्रमुखलाई मालिका गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ तयार गरी विधायन समितिबाट अनुमोदन गराई स्वीकृतको लागि अर्को गाउँ कार्यपालिकाको वैठकमा पेश गर्न लगाउने निर्णय गरियो। |
| ९. | जिन्सी शाखा | गाउँपालिकामा सार्वजनिका खरिद कार्यको लागि सूचना अधिकृत श्री जगत वहादुर पौडेल संयोजक, प्राविधिकबाट जयलाल पोखेल सदस्य र जिन्सी शाखा प्रमुख श्री गोपाल वहादुर सेन ओली सदस्य सचिव रहने गरी ३ सदस्यीय खरिद समिति रहेकोमा अव उप्रान्त तपसिलका कर्मचारीहरु रहने गरी खरिद समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.संयोजक श्री जगत वहादुर पौडेल<br>२ सदस्य श्री विष्णु अर्याल<br>३ सदस्य सचिव श्री गोपाल वहादुर सेन ओली |
| १०. | प्रशासन | गाउँपालिकामा विभिन्न शाखाबाट कार्यालय प्रयोजनका लागि विभिन्न माध्यमबाट कार्यालय तथा अन्य सामग्रीहरु खरिद हुने र तोकिएको परिमाण अनुसारका सामग्री कार्यालयमा उपलब्ध भए नभएको एकिन गरी प्रतिवेदन पेश गर्नु पर्ने नीतिगत व्यवस्था अनुसार यस गाउँपालिकाका तपसिलमा उल्लेखित कर्मचारीहरु रहने गरी मालसामानको निरिक्षण तथा स्वीकृती समिति गठन गर्ने निर्णय गरियो।<br>१.संयोजकः-श्री झपिन्द्र घिमिरे<br>२.सदस्यः- श्री मिरा पौडेल<br>३.सदस्यः- श्री गोविन्द राम अर्याल |
| ११. | योजना शाखा | आ.ब.२०८२/८३ मा खरिद गरिने कार्यहरुको सम्बन्धमा पेश भएका वोलपत्र मूल्याङ्कनका लागि तपसिलका कर्मचारीहरु रहने गरी वोलपत्र मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.संयोजक श्री विवेक खनाल प्र.प्र.अ.<br>२.सदस्य श्री राम कुमार के.सी.<br>३.सदस्य श्री विष्णु अर्याल (इन्जिनियर)<br>४.सदस्य श्री मिरा पौडेल (प्रशासन शाखा प्रमुख)<br>५.सदस्य सचिवः श्री गोपाल वहादुर सेन ओली (योजना शाखा प्रमुख) |

मालिका गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>अर्जाबाङ, गुल्मी<br>लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>साथै कोटेशन विधिबाट खरिद गर्ने कार्य प्रयोजनार्थ तपसिलका कर्मचारीहरु रहने गरी ३ सदस्यीय मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।<br>१.संयोजक श्री विवेक खनाल<br>२.सदस्य श्री राम कुमार के.सी.<br>३.सदस्य सचिव श्री विष्णु अर्याल</td></tr>
<tr><td>१२</td><td>रोजगार शाखा</td><td>यस गाउँपालिकामा आ.ब.२०८२/०८३ मा सञ्चालन गरिने रोजगार प्रवर्धन कार्यक्रम अन्तरगत लागत साझेदारी सम्बन्धमा छलफल गरी श्रमिकको ज्याला बापत रु.२७,७२,०००/- अक्षेरुपी सत्ताइस लाख, वहत्तर हजारमात्र संघीय सरकारबाट प्राप्त भएको र सोही रकम वरावर स्थानीय तहले श्रमिकको ज्यालामा विनियोजन गर्नु पर्ने नीतिगत व्यवस्था अनुसार लागत साझेदारीमा गरिने विकास निर्माणका कार्यहरुको सम्बन्धमा तपसिलको रकम वाहेक सामग्री खरिदका लागि थप रकमको व्यवस्थाका सम्बन्धित वडाले आफ्नो वडागत वजेट सिलिङ्गबाट गर्ने सम्बन्धमा निर्णय गरियो।<br>तपसिल:-<br>१.मालिका-१ नेटा रु. ३,५९,६५८/-<br>२.मालिका -२ दर्लिङ्ग रु.४,५२,४००/-<br>३.मालिका-३ ह्राङ्गदी रु.३,७७,०००/-<br>४.मालिका-४ अर्खावाङ्ग रु.२,२६,२००/-<br>५.मालिका-५ छापहिले रु.३,०१,६००/-<br>६.मालिका -६ अर्जै रु.४,५२,४००/-<br>७.मालिका -७ घमिर रु.२,२६,२००/-<br>८.मालिका-८ मरभुङ्ग रु.३,७७,०००/-</td></tr>
<tr><td>१३.</td><td>रोजगार शाखा</td><td>चालु आ.ब.२०८२/०८३ मा यस गाउँपालिकामा रोजगारी प्रवर्धन कार्यक्रमा कामकाज गर्ने श्रमिकको वडागत संख्या निर्धारण सम्बन्धमा यस भन्दा पहिलाका कार्यपालिकाको वैठकमा संख्या निर्धारण भएकोमा हाल श्रमिकको न्यूनतम ज्याला वढेको हुँदा तपसिल अनुसारको वडागत विवरणमा उल्लेखित श्रमिकहरुलाई १०० दिनेको रोजगारी उपलब्ध गराउने सम्बन्धमा निर्णय गरियो।<br><table><tr><th>क.सं.</th><th>वडाको नाम</th><th>श्रमिकको संख्या</th><th>कैफियत</th></tr><tr><td>१</td><td>नेटा</td><td>६</td><td></td></tr><tr><td>२</td><td>दर्लिङ्ग</td><td>८</td><td></td></tr><tr><td>३</td><td>ह्राङ्गदी</td><td>५</td><td></td></tr><tr><td>४</td><td>अर्खावाङ्ग</td><td>४</td><td></td></tr><tr><td>५</td><td>छापहिले</td><td>१०</td><td></td></tr></table></td></tr>
</table>

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | अर्जै | ५ | |
| ७ | घमिर | ६ | |
| ८ | मरभुङ्ग | ११ | |

**१४. प्रशासन शाखा**

गाउँपालिकामा संघीय तथा अन्य प्रदेश स्तरीय मन्त्रालय/विभाग र कार्यालयबाट प्राप्त तपसिलका परिपत्र तथा जानकारीहरु यस गाउँ कार्यपालिकाको वैठकमा सवै कार्यपालिका सदस्यहरुलाई जानकारी गराएको सम्बन्धमा निर्णय गरियो।

तपसिलः-

१.लिप्स अन्तरगतका आयोजनाहरुको प्रगति सम्बन्धमा
२. विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको प्रगति सम्बन्धमा
३.सम्पत्ति विवरण दर्ता गर्ने सम्बन्धमा
४.सामाजिक विकास डिभिजन कार्यालयबाट प्राप्त योजनाको विवरण सम्बन्धमा
५.जिल्ला प्रशासन कार्यालय गुल्मीको निमन्त्रणा सम्बन्धमा,
६.साधारण निर्माणमुखी खनिजको रोयल्टी सम्बन्धमा,

**१५. प्रशासन शाखा**

यस गाउँपालिकाको वडा नं.-८ मा रहेको मालिका मा.वि. को सामग्री खरिदमा अ.दु.अ.आ.मा परेको उजुरीका (उजुरी दर्ता नं.-C-081939) का सम्बन्धमा राय प्रतिक्रिया माग भएको हुँदा उक्त उजुरीमा उल्लेख भएका विषयहरुका सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ तपसिल बमोजिमको छानविनसमिति गठन गरी ३ दिन भित्रमा प्रतिवेदन पेश गर्न लगाउने र ५ दिन भित्रमा अ.दु.अ.आयोगको कार्यालय बुटवलमा आवश्यक कागजात सहित राय पठाउने निर्णय गरियो।

तपसिलः

१.संयोजक श्री उपेन्द्र अर्याल (उपाध्यक्ष)
२.सदस्य श्री लेखनाथ अर्याल (संयोजक सुशासन समिति)
३.सदस्य श्री जगत वहादुर पौडेल (सूचना प्रविधि अधिकृत)
४.सदस्य श्री भुम वहादुर घर्ती (शिक्षा शाखा कार्यक्रम संयोजक)
५.सदस्य श्री वावुराम पोखेल (सहायक कम्प्युटर अधिकृत)

**१६. प्रशासन शाखा**

संघीय सरकारले यस गाउँपालिकाको लागि स्वीकृत दरवन्दी तेरिज अनुसारको जनशक्ति हालसम्म पनि पदपूर्ति नभएको कारण दरवन्दी रिक्त रहेकोले तपसिलका रिक्त दरवन्दीमा पद पूर्तिको लागि प्रदेश लोक सेवा आयोग वुटवल रुपन्देहीमा माग आकृति फाराम पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | पद | सेवा | समुह | तह | कैफियत |
|---|---|---|---|---|---|
| १. | इन्जिनियर | इन्जि | सिभिल | ७/८ औ | १ जना |
| २. | अधिकृत | प्रशासन | सा.प्र. | ६/७ औ | २ जना |
| ३. | सहायक | प्रशासन | सा.प्र. | ५ औ | ३ जना |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४. | सहायक | प्रशासन | सा.प्र. | ४ औ | १ जना |
| | | ५. | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हे.ई. | ५ औ | १ जना |
| | | ६. | अ.हे.ब. | स्वास्थ्य | हे.ई. | ४ औ | १ जना |
| | | ७ | अ.न.मी. | स्वास्थ्य | प.हे.न. | ४ औ | २ जना |
| | | ८. | सब इन्जिनियर | इन्जि | सिभिल | ५ औ | ३ जना |
| | | ९ | अ.स.ईन्जिनियर | इन्जि | सभिल | ४ औ | ३ जना |
| | | १० | स.म.वि.नी | विविध | | ४ औ | १ जना |

| | | |
|---|---|---|
| १७. | स्वास्थ्य शाखा | नेपाल सरकारद्वारा नागरिकहरुलाई निशुल्क रुपमा उपलब्ध गराउने ९८ प्रकारका औषधिहरु खरिदको लागि चालु आ.ब.२०८२/०८३ मा संघीय सरकार सशर्त अनुदानबाट रु.१२,७४,०००/- र गाउँपालिकाको सोही आ.ब.को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रु.८,००,०००/- गरी जम्मा कुल रकम रु.२०,७४,०००/- विनियोजन भएकोमा चालु वर्ष २०८२/०८३ मा औषधी खरिदको लागि लागत अनुमान तयार गर्दा रु.४० लाख हुन आएकोले उक्त अपुग रकम हिउँदे अधिवेशनबाट रकमान्तर गर्ने गरी हाललाई श्रोत सुनिश्चित गरी रु.४० लाख रकमको निशुल्क रुपमा औषधी खरिदको लागि ठेक्का खोल्ने निर्णय गरियो। |
| १८ | प्राविधिक शाखा | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा नं.-६ अर्जैमा रहेको अर्जै वेशी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माणको ठेक्का (OMRM-GUL-W-NCB-32/081/082 ) खोलिएकोमा श्री दक्षिणकाली भक्त निर्माण सेवाले पेश गरेको विड सारभूत रुपमा प्रभावग्राही भएको र ४ महिनाको समयसिमा दिई सम्झौता भएकोमा निजले वर्षादको कारण समयमा नै उक्त भवन निर्माण सम्पन्न गर्न नसकेको हुँदा उक्त भवन निर्माणको म्याद २०८२ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो। |
| १९. | प्राविधिक शाखा | चालु आ.ब.२०८२/०८३ र २०८३/०८४ मा सञ्चालन हुने/गरिने संघीय तथा प्रदेश समपुरक र विशेष अनुदान तर्फका आयोजनाहरुको लागि डि.पि.आर र आइ.इ.इ.आवश्यक भएको, संघीय र प्रदेश सरकारबाट तपसिलका योजनाहरु मध्ये केहीमा रकम विनियोजन भएको तर नामाकरण नमिलेको र अनुदान माग तथा निकासाको लागि डि.पि.आर. र आइ.इ.इ. आवश्यक भएकोले हिउँदे अधिवेशनबाट शिर्षक मिलान तथा रकम विनियोजन नभएकाको हकमा रकमान्तर गर्ने गरी हाललाई श्रोत तथा योजनाको विवरण सुनिश्चित गरी तपसिलमा उल्लेखित आयोजनाहरुको डि.पि.आर.,स्वायल टेष्ट र आइ.इ.इ परामर्श सेवा मार्फत कोटेशन विधिबाट कार्य प्रकृया अगाडी वढाउनको लागि प्राविधिक तथा योजना शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।<br>*(क) आइ.इ.इ. तर्फः-*<br>१.फूलवारी चिसापानी निस्ति खोला देउराली भिमगिठे सडक (वडा नं.६,५,१,२ का |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | वडा केन्द्र जोड्ने )<br>३.सोइरे हिले साराकटेरी सुनापते सडक<br>*(ख)डि.पि.आर. तर्फः-*<br>१.सिमलटारी दर्घाँस अर्खावाङ्ग मो.बा.<br>२. विपिया गौडा -पटौटी सडक<br>ग) स्वाएल टेष्ट तर्फः-<br>क) अर्खावाङ्ग मा.वि.को भवन निर्माण स्थल |
| २०. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्गमा रहेको पिस पार्कको रेखदेख, विरुवाहरुको संरक्षण तथा गोडमेल र मलजल कार्यको लागि दैनिक ज्याला दारीको रुपमा मालिका-४ अर्खावाङ्ग निवासी श्री निमलाल शर्मा अर्यालले विगत देखि कामकाज गर्दै आएकोमा चालु आर्थिक वर्ष २०८२/०८३ मा पनि निजलाई दैनिक रु.६५० दिनेगरी दैनिक ज्यालादारीको रुपमा कामकाज गराउने निर्णय गरियो। |
| २१ | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.-८ मरभुङ्गमा गरिवसँग विशेश्वर कार्यक्रम सञ्चालनमा रहेको, उक्त कार्यक्रम सञ्चालनको लागि सामाजिक परिचालकको रुपमा श्री युवा कार्की पौडयाल नियुक्त भएको र निजले गरिवसँग विशेश्वर कार्यक्रमको अतिरिक्त नियमित रुपमा वडाको दैनिक प्रशासनीक कामकाज गर्दै आएको र न्यूनतम पारिश्रमिक समेत उपलब्ध नभएको अवस्था भएकोले निजले वडामा नियमित दैनिक प्रशासनिक कार्य गरेवापत मासिक रुपमा रु.५०००/- अक्षेरुपी पाँच हजारमात्र थप सेवा सुविधा गाउँपालिकाबाट चालु आ.ब.२०८२/०८३ मा उपलब्ध गराउने निर्णय गरियो। |
| २२. | म.वा.जे.ना.शाखा | महिलाहरुको महान चाड हरितालिका तिज यस क्षेत्रमा विशेष रुपमा मनाइने र महिला दिदी वहिनीहरुले वडा तहमा नाचगान सहित दरखाने कार्यक्रम प्रत्येक वर्ष गर्दै आएको र आ.ब.२०८२/०८३ मा समेत उक्त कार्यक्रमका लागि कार्यपालिका सदस्य, महिला कर्मचारीहरु, महिला वडा सदस्यहरु र वडाका जागरुक महिलाहरुले दर खाने कार्यक्रमको लागि रकम विनियोजनका लागि माग गरेका, वडागत वजेटबाट पनि केही रकम विनियोजन भएको कारण गाउँपालिकाले पनि विविध खर्च शिर्षकवाट प्रत्येक वडालाई तिजको दर खाने कार्यक्रमका लागि रु.१५०००/- उपलब्ध गराउने निर्णय गरियो। |
| २३. | प्रशासन शाखा | चालु आ.व.२०८२/०८३ देखि यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्र पिस पार्कमा प्रवेश शुल्क लिनको लागि पूर्वाधार निर्माण कार्य प्रयोजनार्थ आम नागरिकको जानकारीको लागि सन्देश मुलक/जानकारी मुलक सूचना वोर्डमा तयार गर्नु पर्ने भएकोले सो कार्यको लागि प्रति स्वाएर फूट रु.२००/- दरले रकम |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | उपलब्ध गराउने गरी कुनै नजिकको आर्ट खोजी गाउँपालिकाले तयार गरेको सन्देश/सूचना मुलक जानकारी वोर्डमा तयार गर्नको लागि यस कार्यालयका पाले श्री विर वहादुर घर्तीलाई कायदिश दिने र कार्य सम्पन्न पश्चात नापजाच गरी तोकिएको दरमा नवढ्ने गरी भुक्तानी दिने निर्णय गरियो। |
| २४ | लेखा शाखा | गाउँपालिकाद्वारा सञ्चालित विभिन्न योजना/कार्यक्रमहरुबाट कन्टेन्जेन्सी वापत कट्टा गरिएको आन्तरिक श्रोत तर्फको रकम (अ.ल्या.) तपसिलका योजना/कार्यक्रमहरुमा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.कर्मचारीको फिल्ड भत्ता रु.२००००० .००<br>२.सवारी साधन मर्मत खर्च रु.५००००० .००<br>३. इन्धन(सवारी साधन ग्याँस सिलिन्डर, मोविल) प्रयोजन रु.१००००० .००<br>४.अन्य कार्यालय सञ्चालन खर्च रु.४००००० .००<br>५.दैनिक ज्यालादारी पारिश्रमिक रु.५००००० .००<br>६.अनुगमन मूल्याङ्कन खर्च रु.१००००० .००<br>७.दैनिक भ्रमण खर्च रु. २००००० .००<br>८.विविध(चियापान,खाजा,खाना तथा आवास सम्बन्धी सम्पूर्ण) रु.१००००० .००<br>९.भैपरी आउने खर्च २५१८१३/-<br>१०.लिप्स(LISP) मर्मत संभार कोष तर्फ रु.१०३४४३४/-<br>कूल जम्मा रकम रु.३३,८६,२४७/- |
| २५ | प्रशासन शाखा | यस मालिका गाउँपालिकामा कार्यरत कर्मचारीहरु सेवा निवृत हुँदाको समयमा पाउने सेवा सुविधाहरुको सम्बन्धमा आवश्यक कानूनी व्यवस्थाका लागि विद्यायन समितिबाट मालिका गाउँपालिकाको कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि, २०८२ तयार गरी स्वीकृतका लागि यस गाउँ कार्यपालिकाको वैठकमा पेश हुन आएकोले उक्त कार्यविधिका सम्बन्धमा छलफल गरी आवश्यक देखिएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो। |
| २६. | प्राविधिक शाखा | ठेक्का नं.OMRM-GUL-W-NCB-48/081/082 को BOQ को वुदा नं.३६ मा लेमिनेटेड पार्केटिङ्गका सम्बन्धमा प्राविधिक शाखाबाट ठेक्का खोल्दा डिपिआरका आधारमा रेडिमेड ६ इन्च चौडाइ भएको लेमिनेटेड पार्केटिङ्ग लगाउने गरी डिजाइन गरिएको तर उक्त लेडिनेटेड पार्केटिङ्ग दीगो, सफा, गुणस्तर, मर्मत गर्न असजिलो र उच्च भुभाग/अति चिसो हुने क्षेत्रमा उपयुक्त नदेखिएको कारण उक्त लेमिनेटेड पार्केटिङ्गको स्थानमा Cast in situ Sisam Wooden Parquet 8 mm प्रयोग गर्नका लागि उपयुक्त हुने भनि प्राविधिक राय सहित आवश्यक निर्णयका लागि यस वैठकमा पेश हुन आएकोले उक्त राय उपयुक्त देखिएको हुँदा सम्झौता रकममा नवढ्ने र ऐन कानून वितरित नहुने गरी भेरियसन गर्ने र सोही अनुसार |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जलजला गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | कामकारवाही अगाडी वढाउनको लागि प्राविधिक र योजना शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| २७ | प्रशासन शाखा | मालिका गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,२०८२ का सम्बन्धमा छलफल गरी उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। |
| २८ | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्ग ठूलिचौर नजिकै रहेको श्री सुरेश अर्यालको पक्की घरका २ वटा कोठा मासिक ४०००/-का दरले वढीमा ६ महिनाको लागि कर्मचारी व्यवस्थापनका लागि भाडामा लिने र बाँकी अवधिको लागि पुरानो प्रशासकीय भवनलाई आवासको रुपमा प्रयोग गर्ने निर्णय गरियो। |
| २९. | प्रशासन शाखा | मालिका गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्गको ठूलीचौर वजारमा रहेको श्री भिम प्रसाद रेग्मीको नाममा दर्ता श्रेष्ता भएको कि.नं.४९६ मा वनेको २ तले पक्की घरको १ वटा कोठा र २ वटा सटर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड खरिद विक्रि केन्द्रको लागि आ.ब.२०८०/०८१ देखि मासिक ११,८००/- प्रति महिना भाडा गाउँपालिकाबाट भुक्तानी गर्ने गरी भाडामा लिईएको र चालु आ.ब.२०८२/०८३ का लागि पनि उक्त घर खाद्य डिपो सञ्चालनको लागि आवश्यक भएकोले सोही अनुसारको भाडा रकम भुक्तान गर्ने गरी भाडामा लिने निर्णय गरियो। |
| ३०. | कृषि/पशु शाखा | मिति २०८२/०४/१६ गते विहान ९.०० वजे मालिका गाउँपालिका र हेफर प्रोजेक्ट नेपालकौ साझेदारीमा संचालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता विकास साझेदारी परियोजना अनुगमन तथा समन्वय समितिको वैठक वसी चालु आ.ब. २०८२/०८३ का संघीय सशर्त कृषि तथा पशु विकास तर्फका तपसिलका कार्यक्रमहरुको कार्यान्वयन परियोजना मार्फत गर्ने सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने र परियोजनालाई उक्त कार्यक्रमहरु संचालनको लागि निर्देशन दिने निर्णय गरियो।<br>तपसिल:- |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | किसान सूचिकरण कार्यक्रम | २६५०००/- | |
| २ | कृषि पशु तथा मत्स्य तत्याङ्क अध्यावधिक कार्यक्रम | ३५०००/- | |
| ३ | राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम | ९०००००/- | |
| ४ | गुरु किसान छनोट तथा नमूना फर्म स्थापना सहयोग कार्यक्रम | ९०००००/- | |
| ५ | व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम | ६०००००/- | |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६ | उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान | १५००००/- | |
| | | ७ | खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान (धान गहु र मकै) | ११७५०००/- | |
| | | ८ | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | १०००००/- | |
| ३१. | स्वास्थ्य शाखा | मालिका गाउँपालिका क्षेत्रभित्र रहेका आम नागरिकहरुलाई विभिन्न प्रकारका रोगहरुको निशुल्क उपचारको लागि निशुल्क विशेषज्ञ सहितको शिविर सञ्चालनको लागि तयार पारिएको मालिका गाउँपालिकाद्वारा निशुल्क विभिन्न स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२का सम्बन्धमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। | | | |
| ३२. | विपद शाखा | मालिका मा.वि. सिमलटारीको भवन पहिरोको कारण जोखिममा परेको हुँदा उक्त पहिरो रोकथाम कार्य प्रयोजनार्थ गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितले गरेको निर्णय अनुमोदनका लागि पेश हुन आएकोले उक्त निर्णयका सम्बन्धमा छलफल गरी अनुमोदन गरी कार्यान्वयन चरणमा लैजान निर्णय गरियो। | | | |
| ३३. | प्रशासन शाखा | गाउँपालिकाद्वारा प्रदान गरिने विभिन्न सेवाहरुको सम्बन्धमा योजनावद्ध, सुशासनयुक्त, दीगो, पारदर्शी, आर्थिक तथा वित्तिय अनुशासन कायम गरी समग्रमा गाउँपालिका द्वारा प्रदान गरिने सेवाहरुमा उत्कृष्टता हासिल गर्ने उदेश्य अनुरुप विभिन्न ऐन कानून, कार्यविधिले व्यवस्था गरेको नीतिगत व्यवस्था बमोजिम यस मालिका गाउँपालिकामा पनि अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र अन्य शाखा प्रमुखहरु बीच आ.ब.२०८२/०८३ को अवधिका लागि कार्य सम्पादन करार सम्झौता गर्ने निर्णय गरियो। | | | |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत